## <u>कृषि विकास बैंक लि. को</u>
## <u>कर्मचारी आवश्यकता सम्बन्धी सूचना</u>
**(सूचना प्रकाशन मिति २०७२/०९/२६)**

**<u>लोक सेवा आयोग</u>**बाट प्राप्त स्वीकृती अनुसार यस बैंकको तपसील बमोजिम रिक्त पदहरूमा खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्न शैक्षिक योग्यता भएका योग्य नेपाली नागरिकहरूले तोकिए बमोजिमको दरखास्त फारम मिति २०७२/०९/२६ गते देखि २०७२/१०/१६ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०७२/१०/२३ सम्म परीक्षा दस्तुर बापतको रकम परीक्षा केन्द्र तोकिएको कृषि विकास बैंक लिमिटेडको क्षेत्रीय कार्यालयको खातामा जम्मा गरी सो को सक्कल भौचर दरखास्तसाथ संलग्न राखी हालसालै खिचिएको पासपोर्ट साइजको ४ (चार) प्रति फोटो सहित परीक्षा केन्द्र तोकिएको कृषि विकास बैंक लिमिटेडको क्षेत्रीय कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारमसाथ शैक्षिक योग्यताको प्रमाणपत्र, मार्कशिट (ट्रान्सक्रिप्ट), अनुभव तथा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । साथै विदेशस्थित शिक्षण संस्थाबाट शैक्षिक योग्यता हासिल गर्ने आवेदकहरूको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रूपले दरखास्त फारमसाथ पेश गर्नुपर्नेछ । बहालवाला कर्मचारी भएमा दरखास्तसाथ विभागीय स्वीकृति अनिवार्य पेश गर्नुपर्नेछ । परीक्षा दस्तुर संलग्न नरहेको, रीत नपुगेको तथा तोकिएको मितिभन्दा पछि प्राप्त हुने दरखास्तउपर कुनै कारबाही नहुने व्यहोरा सूचित गरिन्छ । यस बैंकमा कार्यरत स्थायी/अस्थायी/मासिक पारिश्रमिक/करार कर्मचारीहरूलाई उमेरको हद लाग्ने छैन । खुला प्रतियोगिताको लागि तोकिएको परीक्षा दस्तुरबाहेक समावेशीतर्फ एकभन्दा बढी समूहमा सम्मिलित हुन चाहनेहरूको हकमा प्रत्येक समूहको लागि रु. २५०/- (दुई सय पचास) को दरले थप दस्तुर बुझाउनु पर्नेछ । तर, खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले तोकिएको पदमा तोकिएको परीक्षा दस्तुर बुझाउनुपर्नेछ । अन्य कुराको हकमा सम्बन्धित पदको दरखास्त फारममा उल्लेख भएबमोजिम हुनेछ । परीक्षा हुने स्थान पछि प्रकाशित गरिने छ । दरखास्त फारम तथा पाठ्यक्रम यस बैंकको वेभ साइट www.adbl.gov.np बाट Download गर्न सकिने छ ।

### <u>तपसील</u>

| क्र सं | बिज्ञापन नं. | पद /श्रेणी | सेवा | पद संख्या | उमेर | तलब भत्ता | परीक्षा दस्तुर | परीक्षण काल अवधि | परीक्षाको किसिम | शैक्षिक योग्यता/वान्छनीय योग्यता | परीक्षा केन्द्र , मिति र समय | अनिवार्यरुपमा कम्तिमा ५ वर्ष काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७/२०७२/७३ | व्यवसाय सहायक, सहायक स्तर प्रथम श्रेणी, तह ५ | प्रशासन | ४० (चालीस)<br>खुला २२<br>महिला ५<br>आदिवासी/ जनजाती ५<br>मधेसी ४<br>दलित २<br>अपाङ्ग १<br>पिछडिएको क्षेत्र १ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने | बैंकको नियम अनुसार | रु. ४००।- (चार सय मात्र) | पुरुषको हकमा १ वर्ष, महिलाको हकमा ६ महिना | लिखित, तथा अन्तर्वार्ता | <u>शैक्षिक योग्यता :-</u><br>मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन संकायमा स्नातक वा सो सरह उत्तिर्ण वा मानविकी संकायमा मूल विषय अर्थशास्त्र लिई स्नातक वा सो सरह उत्तिर्ण गरी कम्प्युटरको बेसिक तालीम प्राप्त गरेको । | परीक्षा केन्द्र : **काठमाण्डौं**<br>दरखास्त वुझाउने स्थान : **मुख्य कार्यालय काठमाण्डौं ।**<br>लिखित परीक्षा संचालन हुने मितिः **२०७२/१२/०६**<br>प्रथम पत्र : **विहान १०:०० देखि**<br>द्वितीय पत्र : **दिनको २:००** देखि | काठमाण्डौं उपत्यका बाहिर बैकले खटाएको कार्यालय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ८/२०७२/७३ | लेखपाल,<br>सहायक<br>स्तर<br>द्वितीय<br>श्रेणी,<br>तह ४ | प्रशासन | ७३ (त्रीहत्तर)<br>खुला ४०<br>महिला ११<br>आदिवासी/<br>जनजाती ८<br>मधेसी ८<br>दलित ३<br>अपाङ्ग १<br>पिछडिएको क्षेत्र २ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने | बैंकको<br>नियम<br>अनुसार | रु.<br>४००।-<br>(चार<br>सय<br>मात्र) | पुरुषको<br>हकमा १<br>वर्ष,<br>महिलाको<br>हकमा ६<br>महिना | लिखित,<br>तथा<br>अन्तर्वार्ता | १) शैक्षिक योग्यता-<br>व्यवस्थापन संकायमा प्रमाणपत्र तह वा सो सरह वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्प्युटरको बेसिक तालीम प्राप्त गरेको। | परीक्षा केन्द्र :<br>**विराटनगर**<br>दरखास्त बुझाउने स्थान :<br>**क्षेत्रीय कार्यालय विराटनगर**<br>लिखित परीक्षा संचालन हुने मितिः<br>**२०७२/११/२९**<br>प्रथम पत्र :<br>**विहान १०:००** देखि<br>द्वितीय पत्र :<br>**दिनको २:००** देखि | विराटनगर,<br>राजविराज<br>तथा<br>जनकपुर<br>क्षेत्रीय<br>कार्यालय<br>अन्तर्गत<br>खटाएको<br>कार्यालय |
| ३ | ९/२०७२/७३ | लेखपाल,<br>सहायक<br>स्तर<br>द्वितीय<br>श्रेणी,<br>तह ४ | प्रशासन | ११४ (एक सय चौध)<br>खुला ६२<br>महिला १७<br>आदिवासी/<br>जनजाती १४<br>मधेसी ११<br>दलित ५<br>अपाङ्ग ३<br>पिछडिएको क्षेत्र २ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने | बैंकको<br>नियम<br>अनुसार | रु.<br>४००।-<br>(चार<br>सय<br>मात्र) | पुरुषको<br>हकमा १<br>वर्ष,<br>महिलाको<br>हकमा ६<br>महिना | लिखित,<br>तथा<br>अन्तर्वार्ता | १) शैक्षिक योग्यता-<br>व्यवस्थापन संकायमा प्रमाणपत्र तह वा सो सरह वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्प्युटरको बेसिक तालीम प्राप्त गरेको। | परीक्षा केन्द्र :<br>**काठमाण्डौं**<br>दरखास्त वुझाउने स्थान :<br>**क्षेत्रीय कार्यालय काठमाण्डौं**<br>लिखित परीक्षा संचालन हुने मितिः<br>**२०७२/११/२९**<br>प्रथम पत्र :<br>**विहान १०:००** देखि<br>द्वितीय पत्र :<br>**दिनको २:००** देखि | वीरगंज,<br>काठमाण्डौं,<br>पोखरा<br>तथा<br>भैरहवा<br>क्षेत्रीय<br>कार्यालय<br>अन्तर्गत<br>खटाएको<br>कार्यालय |
| ४ | १०/२०७२/७३ | लेखपाल,<br>सहायक<br>स्तर<br>द्वितीय<br>श्रेणी,<br>तह ४ | प्रशासन | ७१ (एकहत्तर)<br>खुला ३९<br>महिला १०<br>आदिवासी/<br>जनजाती ९<br>मधेसी ७<br>दलित ३<br>अपाङ्ग १<br>पिछडिएको क्षेत्र २ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने | बैंकको<br>नियम<br>अनुसार | रु.<br>४००।-<br>(चार<br>सय<br>मात्र) | पुरुषको<br>हकमा १<br>वर्ष,<br>महिलाको<br>हकमा ६<br>महिना | लिखित,<br>तथा<br>अन्तर्वार्ता | १) शैक्षिक योग्यता-<br>व्यवस्थापन संकायमा प्रमाणपत्र तह वा सो सरह वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्प्युटरको बेसिक तालीम प्राप्त गरेको। | परीक्षा केन्द्र :<br>**नेपालगंज**<br>दरखास्त वुझाउने स्थान : **क्षेत्रीय कार्यालय नेपालगंज**<br>लिखित परीक्षा संचालन हुने मितिः<br>**२०७२/११/२९**<br>प्रथम पत्र :<br>**विहान १०:००** देखि<br>द्वितीय पत्र :<br>**दिनको २:००** देखि | दाङ्ग,<br>नेपालगंज<br>तथा<br>धनगढी<br>क्षेत्रीय<br>कार्यालय<br>अन्तर्गत<br>खटाएको<br>कार्यालय |

**नोट : समावेशी तर्फ फारम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाती, मधेसी, दलित, अपाङ्गता भएको तथा पिछडिएको क्षेत्रको सम्बन्धित निकायले जारी गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।**

पदपूर्ति समिति
कृषि विकास बैंक लि.
काठमाण्डौं